## नरहरिनाथ गाउँपालिकाको सातौं गाउँ सभाबाट

## गाउँपालिकाका उपाध्यक्ष श्री मनसोभा बुढा द्वारा प्रस्तुत

### आर्थिक वर्ष २०७७/०७८

# बजेट तथा कार्यक्रम

## नरहरिनाथ गाउँपालिका

कुमालगाउँ, कालिकोट

कर्णाली प्रदेश, नेपाल

**नरहरिनाथ गाउँपालिकाको सातौं गाउँसभाका सभाध्यक्ष महोदय,**
**गाउँसभाका सदस्यज्यूहरु** !

**१.** संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानबाट स्थापित नरहरिनाथ गाउँपालिका स्थानिय सरकारको उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजकको रुपमा यस गाउँपालिकाको गरिमामय गाउँसभा समक्ष आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।

**२.** सर्वप्रथम यस सभाका सभाध्यक्षज्यू, प्रमुख प्रशासकिय अधिकृतज्यू, सभाका सम्पूर्ण सदस्यज्यू र राष्ट्रसेवक कर्मचारी मित्रहरुलाई मेरो व्यक्तिगत तर्फबाट तथा नरहरिनाथ गाउँपालिका परिवारको तर्फबाट कृतज्ञता सहित हार्दिक स्वागत गर्न चाहन्छु ।

**३.** यस घडीमा लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएका जनआन्दोलन र जनयुद्धमा जिवन उत्सर्ग गर्नहुने सम्पूर्ण ज्ञात-अज्ञात महान शहिदहरु प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु । घाइते, अपाङ्ग, बेपत्ता योद्धा र शहिद परिवारजनमा हार्दिक सम्मान प्रकट गर्दछु । यसैगरी मुलुकको भौगोलिक अखण्डता, सार्वभौमिकता, राष्ट्रिय एकता र स्वाभिमानको रक्षा गर्दै राजनितिक, आर्थिक सामाजिक रुपान्तरण र समृद्धिको लागि अनवरत संघर्ष गर्नु हुने क्रियाशील राजनितिक नेतृत्व र आदरणिय जनसमुदायहरु प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु । साथै, २०७७ असार ६ गते कालिकोटबाट काठमाण्डौं जाने क्रममा गाडि दुर्घटनामा परि घाईते हुनुभएका पूर्व संविधान सभा सदस्य श्री तुलाराज बिष्ट र खा.पा.स.टे.श्री टेक बहादुर बोगटीको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

**४**. हामी यतिबेला मानव समाजको इतिहासमै ठूलो चुनौतिको सामना गर्न बाध्य भएका छौं । कोभिड-१९ को महामारीले विश्वमै ठूलो मानवीय र आर्थिक क्षति भएको छ, आम जनतामा मनोवैज्ञानिक त्रास पनि सिर्जना भएको छ । यस परिवेशमा विकटता, विपन्नता र बेरोजगारी सँग जुधिरहेको हाम्रो नरहरिनाथ गाउँपालिका सिमित स्रोत साधनहरुबाट असिमित आवश्यकता सम्बोधन गर्नुपर्ने अवस्थामा रहेको छ । यस कठीन घडीमा नरहरिनाथ गाउँपलिकाबासी सम्पूर्ण आमाबुवा, दाजुभाई र दिदीबहिनीहरुको जीवन रक्षा नै हाम्रो पहिलो दायित्व हो । विपद तथा महामारीको रोकथाम नियन्त्रण गरी जनताको जिवन बचाउनु, विगतका उपलब्धिको रक्षा गरी नागरिकको घरदैलोमा विकास र सेवा पुर्याउनु हाम्रो सामूहिक जिम्मेवारी हो । कोभिड-१९ को विद्धमान विषम परिस्थिति बीच महामारीको रोकथाम, प्रतिकार्य एवं नियन्त्रणमा आवश्यक सहयोग र सेवा गर्नु हुने सम्पूर्ण जनप्रतिनिधिहरु, राजनितिक दल, स्वास्थ्यकर्मी, राष्टसेवक कर्मचारी, सुरक्षाकर्मी, सरकारी तथा गैरसरकारी संघ-संस्था, नीजी क्षेत्र, स्वयंसेवक, संचार जगत प्रति नरहरिनाथ गाउँपालिकाको तर्फबाट हार्दिक धन्यवाद सहित सम्मान गर्दछु ।

**५.** यो संकटलाई पार लगाउन र असरको आंकलन गर्न कठिन छ । यो अवस्थालाई मध्यनजर गरी नरहरिनाथ गाउँपालिकाबाट महामारी, बन्दाबन्दी लगायत परिस्थितिले सिर्जना गरेको

चुनौतिलाई सामना गर्दै, जनताका आधारभूत सेवा सुविधाहरु जनताको सबैभन्दा नजिकको निकाय स्थानिय सरकारबाट प्रदान गर्दै, बस्ती-बस्ती र घर-घरमा सिंहदरबार पुर्याउने अभियानको रुपमा संघियताको सफल कार्यान्वयन गराउन, सुशासन र विकासको माध्यमबाट यस नरहरिनाथ गाउँपालिकाबासीको आफ्नै जीवनकालमा समृद्धि देख्न र अनुभति गर्न पाइन्छ भन्ने आशा, भरोसालाई साकार पार्ने आत्मविश्वासका साथ आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

**६.** आगामी आर्थिक वर्षको बजेटको समग्र आधारको रुपमा नेपालको संविधानको अनुसूची - ८ र ९ ले निर्दिष्ट गरेका स्थानिय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु, संघिय सरकारले अंगिकार गरेको दिगो विकास लक्ष्य, पन्ध्रौं योजना, संघिय सरकार, कर्णाली प्रदेश सरकारको वार्षिक निती कार्यक्रम तथा बजेट, संघिय सरकार र कर्णाली प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मार्गदर्शन, स्थानीय राजस्व परामर्श समिति, बजेट तथा श्रोत अनुमान समिति लगायत विभिन्न निकायका प्रतिवेदन, स्थानिय तहको खर्च संरचना, प्रत्येक टोल, वडास्तरबाट योजना तर्जुमा गरी तोकेका स्थानिय तहको अधुरा, आवधिक तथा प्राथमिकताका योजना, कार्यपालिकाका सदस्यहरु, विभिन्न सरोकारवालाहरुबाट प्राप्त महत्वपूर्ण सुझाव एवं मार्गदर्शन र कोभिड-१९ बाट सिर्जित परिस्थितिलाई ध्यान दिंदै बजेट तथा योजनाहरुको प्राथमिकीकरण गर्ने प्रयास गरिएको छ ।

**आदारणीय गाउँसभाका सभाध्यक्षज्यू**

**सभाका सदस्यज्यूहरु !**

**७. अब म आर्थिक वर्ष २०७६/०७७ को प्रगति समीक्षा संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

आर्थिक वर्ष २०७६/०७७ को लागि कूल आय रु.५३,८९,४१,०००।-अक्षेरुपी **त्रिपन्न करोड उनानब्बे हजार एकचालिस हजार**,

र व्यय तर्फ रु. ५३,८९,४१,०००।-अक्षेरुपी **त्रिपन्न करोड उनानब्बे लाख एकचालिस हजार** रकम मध्ये

व्यय तर्फ चालु खर्च रु.२६,८१,९८,४०३।-अक्षेरुपी **छब्बीस करोड एकासी लाख अन्ठानब्बे हजार चार सय तीन**,

पूँजीगत तर्फ रु.२७,०७,४२,५९७।-अक्षेरुपी **सत्ताइस करोड सात लाख बयालिस हजार पाँच सय सन्तानब्बे** अनुमान गरिएको थियो ।

कुल बजेट मध्ये हालसम्म चालु खर्च रु.१३,३२,०६,६३८।-अक्षेरुपी **तेह्र करोड बत्तीस लाख छ हजार छ सय अठ्तीस**,

पूँजीगत तर्फ रु.७,२५,२३,३१४।-अक्षेरुपी **सात करोड पच्चीस लाख तेइस हजार तीन सय चौध** गरी कुल जम्मा २०,५७,२९,९५२।-अक्षेरुपी **बीस करोड सन्तावन्न लाख उनन्तीस हजार नौ सय बाउन्न** खर्च भएको छ । असार मसान्तसम्म बाँकी रकम खर्च हुने संशोधित अनुमान गरिएको छ ।

**सभाका सदस्यज्यूहरु !**

**८.** आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेट निम्न उद्देश्य तथा प्राथमिकताहरु पूरा गर्ने गरी निर्धारण गरिएको छ ।

- कोभिड १९को महामारी लगायत अन्य विपदबाट जनताको जीवन रक्षा गरी जनजीवनलाई सहज र सुरक्षित बनाउने,
- नागरिकको मौलिक हकको रुपमा रहेको शिक्षा र स्वास्थ्य क्षेत्रको थप विकास र संस्थागत सुधार गर्ने,
- खाद्य संकट हुन नदिन दैनिक उपभोग्य वस्तुको उत्पादन, भण्डारण र आपूर्तिमा लगानी गरी जनतालाई खाद्यान्नमा आत्मनिर्भर बनाउने,
- सडक, खानेपानी, सिंचाइ, बिजुली लगायत भौतिक पूर्वाधारको दिगो विकास गर्ने,
- प्रत्यक्ष लाभ पुग्ने कार्यमा लगानी गरी जनताको जीवनस्तर, आम्दानी र रोजगार बढाउने,
- छिटो प्रतिफल दिने, स्थानिय जनसहभागिता जुट्ने, कम लागत लाग्ने गरी विकास गर्ने,
- दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्धनमा सघाउ पुग्ने,
- सार्वजनिक स्रोतको प्रभावकारी परिचालन, प्रशासनिक सुधार, आर्थिक अनुशासन र सुशासन कायम गर्ने ।

**आदारणीय गाउँसभाका सभाध्यक्षज्यू**
**सभाका सदस्यज्यूहरु !**

**अब म नरहरिनाथ गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७७/०७८ को कुल आय, व्ययको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**९.** आर्थिक वर्ष २०७७/०७८ को **कुल व्यय रु.५३,२०,२९,६९०**|- अक्षेरुपी **त्रिपन्न करोड बीस लाख उनन्तीस हजार छ सय नब्बे** विनियोजन गरिएको छ ।

**चालु खर्च तर्फ रु.३५,६२,५१,६९०|-** अक्षेरुपी **पैंतीस करोड बैसठ्ठी लाख एकाउन्न हजार छ सय नब्बे**

र **पूँजीगत तर्फ रु.१७,५७,७८,०००**|- अक्षेरुपी **सत्र करोड सन्तावन्न लाख अठहत्तर हजार** विनियोजन गरिएको छ ।

व्यय अनमान गरेको मध्ये संघिय सरकारको समानिकरण अनुदान रु.११,९९,००,०००|- अक्षेरुपी **एघार करोड उनान्सय लाख**,

संघिय सरकारको राजश्व बाँडफाड रु.७,७५,४६,६९०|- अक्षेरुपी **सात करोड पचहत्तर लाख छयालिस हजार छ सय नब्बे**,

संघिय सरकारको विशेस अनुदान रु.१,६०,००,०००|- अक्षेरुपी **एक करोड साठी लाख,**

संघिय सरकारको समपुरक पूँजीगत अनुदान रु.८०,००,०००|- अक्षेरुपी **असी लाख**,

संघिय सरकारको सशर्त अनुदान रु.१८,०५,००,०००|- अक्षेरुपी **अठार करोड पाँच लाख**,

प्रदेश सरकारको समानिकरण अनुदान रु.१,०१,७५,०००।-अक्षेरुपी **एक करोड एक लाख पचहत्तर हजार**,

प्रदेश सरकारको विशेस अनुदान रु.४०,००,०००।-अक्षेरुपी **चालिस लाख**

प्रदेश सरकारको सशर्त अनुदान रु.८५,००,०००।-अक्षेरुपी **पचासी लाख**,

प्रदेश सरकारको समपुरक अनुदान रु.१,४०,००,०००।-अक्षेरुपी **एक करोड चालिस लाख,**

प्रदेश सरकारको राजश्व बाँडफाड रु.३,०८०००।- अक्षेरुपी **तीन लाख आठ हजार**,

सामाजिक सुरक्षा रु.९,००,००,०००।- अक्षेरुपी **नौ करोड**,

आन्तरिक राजश्व रु. ३१,०००००।- अक्षेरुपी **एक्तीस लाख** रकम रहेको छ ।

**१०. अब म यस सम्मानित गाउँसभा समक्ष आगामि आर्थिक वर्ष २०७७/०७८ को क्षेत्र र विषयगत कार्यक्रम तथा विनियोजित बजेट प्रस्तुत गर्दछु ।**

**सडक निर्माण**

गाउँपालिका भित्रका सडक निर्माण कार्यलाई प्राथमिकता दिइनेछ, निर्माणाधीन लालीघाट देखि सुनथराली, कुमालगाउँ हुदै रुप्सा चुना सडक, लालु देखि थाडिमाडु उच्छव हुदै रामारोसन सडक, खलालु लालु रहगाड हुदै रुप्सा चुना सडक निर्माणलाई प्राथमिकताका साथ कार्यान्वयन गर्न कुल रु. ८ करोड ५० लाख रकम विनियोजन गरिएको छ ।

**शिक्षा क्षेत्र**

शिक्षामा गुणस्तरका लागि भवन निर्माण, सुधार, बिद्यार्थीहरुको बसाइ व्यवस्थापन, विद्यालय घेरबार, खेलमैदान, शिक्षण सामाग्री लगायत विद्यालयको पूर्वाधार विकासमा सहयोग गरिने छ ।

यस गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत उत्कृष्ठ बिद्यार्थी, दलित विपन्न बिद्यार्थीलाई छात्रवृत्ति र टुहुरा विपन्न असहाय बालबालिकाको लागि शैक्षिक सामाग्री वितरणका लागि बजेटको व्यवस्था गरिएको छ ।

नरहिरनाथ गाउँपालिकामा रहेको उच्च शिक्षाको नन्दादेवी बहुमुखी क्याम्पसको पूर्वाधार विकासमा बजेट व्यवस्था गरिएको छ ।

अधारभुत तह र माध्यामिक तहमा कार्यरत अनुदान, करार, बाल विकास शिक्षकको सुविधामा प्रोत्साहन गरिनेछ ।

शिक्षा क्षेत्रको कार्यक्रम कार्यान्वयनका लागि चालु र पूँजीगत गरी जम्मा रु.१६ करोड २६ लाख ३८ हजार ९ सय ६० विनयोजन  गरिएको छ ।

**स्वास्थ्य क्षेत्र**

स्वास्थ्य संस्थाहरुको संरचना र संस्थागत सुदृढिकरण गरिने छ ।

नरहरिनाथबासीलाई सर्व सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि औषधी उपकरण लगायत स्वास्थ्य सामाग्रीहरुको उपलब्धता र सहज आपूर्तिको व्यवस्था मिलाईने छ ।

गाउँपालिकामा एम्बुलेन्स सेवाका लागि बजेटको व्यवस्था गरिएको छ ।

रक्तस्राव भएका तथा सुत्केरी महिलाको जीवन रक्षाका लागि उद्दार सहायता बजेटको व्यवस्था गरिएको छ ।

कुपोषित बाल बालिका, सुनौला १००० दिनका आमाहरुलाई दिईदै आएको सहायताका लागि बजेट विनियोजन गरिएको छ ।

महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्सहानका लागि बजेट विनियोजन गरिएको छ ।

स्वास्थ्य क्षेत्रको सबै कार्यक्रम कार्यान्वयनका लागि चालु र पूँजीगत गरी जम्मा रु.४ करोड १७ लाख ९६ हजार विनयोजन गरिएको छ ।

**विपद व्यवस्थापन र पुनःस्थापना**

**कोभड-१९** को विश्वव्यापी महामारीबाट प्रभावित गतिविधिलाई सहज बनाउन यस रोगको नियन्त्रण, रोकथाम र उपचार सम्बन्धी व्यवस्था गर्न रु.१,००,००,०००|-(१करोड) विनियोजन गरिएको छ ।

यस नरहरिनाथ गाउँपालिका भित्र प्राकृतिक विपद तथा दैवी प्रकोपमा परेका नागरिकहरुको उद्दार तथा राहात पुनःस्थापनाको लागि रु.२० लाख विनियोजन गरिएको छ ।

**सामाजिक सुरक्षा**

बृध्द, असहाय नागरिकको सुरक्षाका लागि स्थानिय तहबाट व्यवस्थापनका लागि बजेट विनियोजन गरिएको छ ।

दिर्घरोगी व्यक्तिहरुको सहयोगका लागि रु. ७ लाख बजेट विनियोजन गरिएको छ ।

शहिद परिवारको सम्मान गर्न रु.३ लाख बजेट विनियोजन गरिएको छ ।

गाउँपालिकामा स्वास्थ्य लगायतका अन्य शिविरहरु संचालनका लागि रु.१० लाख बजेट विनियोजन गरिएको छ ।

**लैंगिक समानता तथा सामाजिकीकरण**

महिला वर्गको उत्थान, सशक्तिकरण र विकासमा विशेष जोड दिइनेछ । विभेदको अन्त्य गरि दलित समुदायको परम्परागत ज्ञान र सीपको संरक्षण गरि आर्थिक उपार्जन गर्ने कार्यक्रम संचालन गरिनेछ । १ देखि ९ वडाका महिला, एकल महिला, अपाङ्गता भएका नागरिक, दलित र आर्थिक सामाजिक रुपले पछाडि परेका लक्षित समुदायका व्यक्तिलाई सचेतिकरण, सीप विकास र आय आर्जनबाट प्रत्यक्ष लाभ पुग्ने कार्यक्रममा रु.४४ लाख बजेट विनियोजन गरिएको छ ।

**कृषी र पशु सेवा क्षेत्र**

अगामी अर्थिक वर्षमा कृषि र पशु क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउदै खाद्य उपजमा आत्मनिर्भर बनाउन, रैथाने बालिको प्रबर्धन गर्न, नर्सरी स्थापना गर्न, उन्नत जातका बालि फलफूल, तरकारी, औषधि उपचार र पशुनश्ल सुधार कार्यक्रममा जोड दिइएको छ ।

कृषि र पशु सेवा विकास लगायतका उपरोक्त कार्यक्रम संचालनका लागि जम्मा रु.१ करोड ३३ लाख विनियोजन गरिएको छ ।

**उद्योग र सहकारी**

गाउँपालिका भित्र सम्भावित कच्चा पदार्थबाट संचालन गर्न सकिने घरेलु तथा साना उद्योग स्थापनालाई आकर्षित गर्न रु.३८ लाख विनियोजन गरिएको छ ।

सहकारीको माध्यमबाट रोजगार र आय आर्जन वृद्धिका लागि सुपथ मूल्य पसल संचालन गर्न सहकारीसँग साझेदारीका लागि रु.६ लाख ७५ हजार बजेट विनियोजन गरिएको छ ।

**खानेपानी, सरसफाई र सिंचाई**

आधारभूत खानेपानी सेवामा नागरिकको सहज पँहुच सुनिश्चित गर्न संघ प्रदेश र संघ संस्थासँगको साझेदारीमा निर्माणाधिन खानेपानी तथा सरसफाई आयोजनाहरु सम्पन्न गर्न बजेट विनियोजन गरिएको छ ।

विभिन्न ठाउँमा समुदायले उपभोग गर्दै आएका खानेपानी ट्यांकीहरु सडक निर्माणको क्रममा बिग्रएकाले पुनःनिर्माणका लागि रु.७ लाख विनियोजन गरिएको छ ।

खेतीयोग्य जमीनमा सिंचाई सेवा विस्तारका लागि बजेटको व्यवस्था गरिएको छ ।

**वन तथा वातावरण संरक्षण**

समुदायलाई परिचालन गरी वनस्रोतको संरक्षण गर्न रु ३ लाख बजेटको व्यवस्था गरिएको छ ।

**संस्कृति, युवा तथा खेलकूद**

खेलकूद प्रतियोगिता आयोजना, तयारी, यूवा परिचालन एवं खेलाडीको वृत्ति विकासका लागि रु.४ लाख ८३ हजार बजेट विनियोजन गरिएको छ ।

स्थानिय कला, संस्कृति, मेला महोत्सव लगायत क्रियाकलापहरुको संरक्षण प्रवर्धन गर्न बजेट विनियोजन गरिएको छ ।

**शान्ति, सुव्यवस्था र सेवाप्रवाह**

व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा व्यवस्थापन सुदृढीकरण र प्रभावकारीताका लागि संघिय सरकारबाट प्राप्त रु. ३६ लाख बजेट परिचालन गरिने छ ।

सार्वजनिक सेवा प्रवाहलाई सक्षम, पारदर्शी, प्रविधिमैत्री, विश्वसनीय र जनउत्तरदायी प्रशासनको विकास गरिने छ । विकासका हरेक क्रियाकलापमा जनजागरुकताका लागि सार्वजनिक सुनुवाई, लेखा परीक्षण र संचार माध्यमको परिचालन र सूचनाको हक प्रवर्धनका लागि बजेटको व्वस्था गरिएको छ ।

सरकारका काम कारवाहीमा नागरिकको पँहुच र पृष्ठपोषणको माध्यमबाट प्रभावकारी विकास र सेवा प्रवाहका लागि जनतासँग जनप्रतिनिधि कार्यक्रम संचालन गर्न रु.५ लाख बजेट विनियोजन गरिएको छ ।

समाजमा रहेका विकृती विसंगति नियन्त्रणका लागि कार्यक्रम परिचालन गर्न बजेटको व्यवस्था गरिएको छ ।

प्रशासकीय सुशासन अन्तरगत नरहरिनाथ ९ को पल्लागाडिया झो.पु., चिसापानी स्टील ट्रस र कोटिला झो.पु.को लागि संघिय सरकारको सशर्त अनुदानबाट रु.३२ लाख विनियोजन गरिएको छ ।

**वडागत क्रियाकलाप खर्च**

वडाहरुको प्रशासनिक र वडा स्तरमा हुने विभिन्न कार्यक्रमहरुको लागि विकेन्द्रित बजेटको व्यवस्था गरिएको छ ।

टोल बस्ती र वडाहरुबाट प्राथमिकताका अधारमा माग भई आएका, वडाका क्रमागत योजनाहरुको लागि १ करोड ३५ लाख बजेट विनियोजन गरिएको छ ।

**सभाका सभाध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरु**

**११.** चालु आर्थिक वर्ष २०७६/०७७ को हालसम्मको आय व्ययको विवरण, आय व्ययको संशोधित अनुमान, आगामी आर्थिक वर्ष २०७७/०७८ को विषय क्षेत्रगत, शीर्षकगत कार्यक्रम र बजेटको अनुमानित विवरण छलफल सहित पारितको लागि पेश गरेको छु ।

**१२.** संघिय व्यवस्थाको कार्यान्वयनको क्रममा संघ, प्रदेश र स्थानिय तहको सरकार संचालन भई हामी पदाधिकारीहरुले स्थानिय सरकारको कार्य जिम्मेवारी सम्हालेको तीन वर्ष व्यतित भईसकेको छ । यस सन्दर्भमा नरहरिनाथ गाउँपालिकाको नीति, कार्यक्रम तथा विनियोजित बजेटको कार्यान्वयनबाट आगामी आर्थिक वर्षका गतिविधिहरु नियमित र प्रभावकारी भई समग्र विकास, सुशासन र सम्वृद्धि हासिल हुने विश्वास लिएको छु । कोभिड-१९ बाट सुस्त बनेको विकास निर्माण कार्यमा पूनर्जिवन र गतिशिलता प्राप्त गरि नागरिकको अधिकतम् हित कायम हुने विश्वास लिएको छु । हालको विषम परिस्थिति सामान्य भएर बजेट कार्यान्वयनबाट चालु एवं निर्माणाधिन योजनाहरुको कार्यान्वयनमा तीब्रता आउने, भौतिक पूर्वाधारको निर्माण कार्य अघि बढ्ने र नागरिकको जीवनयापनको लागि सहज वातावरण तयार हुने आशा गर्दछु ।

अन्तमा, नरहरिनाथ गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को बजेट तर्जुमा गर्ने प्रक्रियामा सहयोग पुर्याउनु हुने गाउँपालिका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, कार्यपालिकाका सम्पुर्ण सदस्यज्यूहरु, कर्मचारी मित्रहरु, राजनैतिक दलका प्रतिनिधिज्यूहरु, विकास साझेदार संघ-संस्था, नागरिक समाज, निजी क्षेत्र लगायत सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । प्रस्तुत बजेट तथा कार्यक्रम स्वीकृति पश्चातः सफल कार्यान्वयनको लागि आ-आफ्नो क्षेत्रबाट जिम्मेवारी बहन गर्नुहुन र रचनात्मक सहयोगको लागि हार्दिक आग्रह गर्दछु । साथै, चौतर्फी विकासको संभावना रहेको यस नरहरिनाथ गाउँपालिकालाई सभ्य, सुन्दर, स्वच्छ र समृद्ध बनाउने अभियानमा मन, वचन र कर्मले सधैं कठिवद्ध रहने प्रण पुनः दोहोर्याउन चाहन्छु ।

धन्यवाद !

**मिति : २०७७ साल आसार १०गते, बुधबार ।**

**मनसोभा बुढा**
**उपाध्यक्ष**
**नरहरिनाथ गाउँपालिका, कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**